मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ९५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ फागुन ९ गते आइतवार (Sunday, February 21. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

**सूचना**

अन्त्य गरौं लैङ्गिक हिंसा र दुर्व्यवहार: व्यक्ति, समाज र राष्ट्र जिम्मेवार

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# ‘पुनर्स्थापना गरे मुलुक अस्थिरतामा’



**झापा, फागुन ८।** प्रधानमन्त्री केपी शर्मा ओलीले सर्वोच्च अदालतले विघटित प्रतिनिधिसभा पुन:स्थापना गरे गठजोडको सरकार बन्ने र मुलुक अस्थिरतामा जाने दाबी गरेका छन् ।

प्रधानमन्त्री ओलीले देश र जनताको विपक्षमा फैसला भए आन्दोलनमा जाने भन्दै सर्वोच्च अदालतलाई धम्की समेत दिएका छन् ।

शनिबार बिराटनगरमा ओली पक्षीय नेकपाको प्रदेश कमिटीको आयोजनामा भएको आमसभामा बोल्दै प्रधानमन्त्री ओलीले देश र जनताको पक्षमा फैसला नभए आन्दोलन हुने चेतावनी दिएका हुन् । ओली समूहले प्रदेशको शक्ति प्रदर्शनको रुपमा उक्त सभालाई लिएको छ । सभामा बोल्दै ओलीले प्रचण्ड-नेपालप्रति कटाक्ष गर्दै यताको सभामा पनि हेरिदिन भनेका थिए ।

उनले भने- ‘यदि कुनै प्रकारको जालझेल, षड्यन्त्र, सेटिङ केही भएर देश र जनताको विपक्षमा फैसला हुन्छ भने हाम्रो आन्दोलन फेरि पनि अगाडि बढ्छ, त्यस्ता शक्तिहरूलाई पराजित गर्छौं ।’ प्रधानमन्त्री ओलीले निर्वाचन आयोगले सूर्य चिन्ह आफूहरुलाई दिनेमा ढुक्क हुन पनि कार्यकर्तालाई सल्लाह दिए ।

प्रतिनिधिसभा विघटनबिरुद्ध सर्वोच्च अदालतको फैसला भएमा राजनीतिक गठजोड गर्नका लागि सांसदहरूको किनबेच, सरकार बनाउने र ढाल्ने जस्ता फोहोरी खेल हुने प्रधानमन्त्रीको तर्क छ ।

अदालतले सर्वोच्च अदालतले देशका विभिन्न भागमा भएका सभाहरूबाट प्रकट भएका जनताका अभिमत, संविधानको मर्म र भावना तथा विघटन भएपछिको परिणामलाई ध्यान दिएकाले कुनै पनि भ्रममा नपरी चुनावको तयारीमा जुट्न नेता तथा कार्यकर्तालाई निर्देशन दिए ।

**प्रधानमन्त्रीलाई बिराटनगरमा कालो झण्डा**

प्रधानमन्त्री केपी शर्मा ओलीलाई विराटनगरमा नेकपा (प्रचण्ड-माधव) समूहका बिद्यार्थी तथा युवाहरूले कालो झण्डा देखाएका छन् ।

प्रधानमन्त्रीलाई विद्यार्थी र युवाहरूले विराटनगर विमानस्थलबाट कार्यक्रमस्थल जाने क्रममा एयरपोर्ट मोडमा कालो झण्डा देखाएका हुन् । कालो झण्डा देखाएपछि युवा तथा बिद्यार्थीलाई प्रहरीले धरपकड तथा दमन गरेको उनीहरूले बताएका छन् ।

## बार्ता गर्न विप्लव समूह तयार

**झापा, फागुन ८।** नेत्र विक्रम चन्द ‘विप्लव’ नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी सरकारसँग वार्ता गर्न इच्छुक देखिएको छ ।

पार्टीका महासचिव विप्लवले शनिबार विज्ञप्ति जारी गर्दै सहज गतिविधि र कार्यक्रम गर्ने वातावरण बन्ने अवस्थामा आफूहरु सरकारसँग वार्ता गर्न सकारात्मक रहेको बताएका हुन् । यस अघि सरकारबाट सो पार्टी प्रतिबन्धित रहेको थियो ।

विप्लवले जारी गरेको विज्ञप्तिमा भनिएको छ- ‘हाम्रो क्रान्ति राष्ट्र, समाज, अग्रगामी



एवम् जनसमुदायको हित र अधिकारको लागि गरिएको सचेत पहल हो । यसको प्रक्रियामा आम जनसमुदायमा सहज गतिविधि र कार्यक्रम

*(बाँकी अन्तिम पृष्ठमा)*

## राप्रपाको र्‍याली

**झापा, फागुन ८।** राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय अध्यक्ष कमल थापाले मुलुक चुनावमा जाने सम्भावना बढेको बताएका छन् ।

पार्टीको झापा क्षेत्र नं. ५ समितिद्वारा गौरीगञ्जमा आयोजित वृहत् मोटरसाइकल र्‍यालीको समापन

*(बाँकी अन्तिम पृष्ठमा)*

## नेकपा झापाको कार्यालयमा तालाबन्दी

**झापा, फागुन ८।** नेपाल कम्युनिष्ट पार्टी (नेकपा) झापाको कार्यालयमा तालाबन्दी भएको छ ।



नेकपाको केन्द्रीय नेतृत्वमा उत्पन्न विवादले फुटको स्थिति आए पनि झापामा पार्टीको आधिकारिकताका विषयमा टुङ्गो नलागुञ्जेलका लागि भन्दै यस अघि सहमतिमा कार्यालय बन्द रहेको थियो । तर, पछि नेकपाको ओली समूहले सहमतिको उल्लङ्घन गर्दै कार्यालय खोलेको भन्दै दाहाल-नेपाल समूहको नेकपाले कार्यालयमा तालाबन्दी गरेको हो ।

नेकपाका नेता बिजय साम्पाङले ओली पक्षले ताला फुटाएर पार्टी कार्यालय खोल्ने गरेको पाइएपछि कार्यकर्ताले कार्यालयमा शनिवार तालावन्दी गरेको जनाएका छन् ।

## ‘नेताहरुले विलासी जीवनप्रति आत्मचिन्तन गर्नुपर्छ’



**विर्तामोड, फागुन ८।** प्रजातान्त्रिक समाजवादी दर्शनका व्याख्याता एवम् विश्लेषक सीके प्रसाईको २७ औं स्मृति दिवस बिर्तामोडमा सम्पन्न भएको छ ।

स्मृति दिवसको अवसरमा सीके स्मृति प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाले सीकेलाई ‘राजनीतिको विश्वकोष’को संज्ञा दिए । राष्ट्रिय, अन्तर्राष्ट्रिय राजनीतिका बारेमा पूर्ण ज्ञान राख्ने सीकेले अंग्रेजी, नेपाली, बंगला भाषामा अत्यन्तै समय सान्दर्भिक लेखहरु लेख्ने गरेको स्मरण पनि गरे ।

‘सीके सिद्धान्तनिष्ठ नेता हुनुहुन्थ्यो, वीपी र सीकेले आफ्नो निष्ठा र सिद्धान्त कहिल्यै छाड्नुभएन, उहाँहरुले देश र जनताको हितका लागि राजनीति गर्नुभयो’- पूर्व उपप्रधानमन्त्री समेत रहेका सिटौलाले भने- ‘पार्टीमा लागेका नेताहरुले अहिलेको विलासी जीवनप्रति आत्मचिन्तन गर्नुपर्छ र आफूलाई समाजवादी बाटोमा हिडाउँनुपर्छ, समाजवादी संस्कार अवलम्बन गर्नुपर्छ ।’ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिका बारे आद्योपान्त जानकारी राख्ने अद्भुत क्षमता जो कोहीमा नहुने भन्दै सिटौलाले सीके प्रसाईमा त्यो अद्भूत क्षमता रहेको समेत स्मरण गरे । उनले सीके अत्यन्तै मितव्ययी, सरल र समाजवादलाई व्यवहारमा उतार्ने नेता भएको समेत बताए ।

केपी ओली नेतृत्वको सरकारले गरेको संसद विघटन संविधानमाथिको अतिक्रमण भएको चर्चा गर्दै नेता सिटौलाले सर्वोच्च अदालतले विघटनलाई मान्यता दिए जनप्रतिनिधिले

*(बाँकी अन्तिम पृष्ठमा)*




**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक डाक्टरबाट OPD, पायल्स, फिसर, फिस्टुलाको क्षारसुत्र विधिद्वारा उपचार हाडजोर्नी, नशा, परालाइसिस, मसाजद्वारा उपचार । **सम्पर्क : ९८०६०००३१३/०२३–५९०१६६**

**समाल रियल स्टेट प्रा.लि.**

**जग्गा खरिद बिक्री केन्द्र**

**बिर्तामोड र अर्जुनधारा नगरपालिका विशेष**

गोर्खा सुपर मार्केट छेऊ, शनिश्चरे रोड, बिर्तामोड, झापा
**प्रबन्ध निर्देशक: राजु समाल** (L.B.) ०२३–५४३८७६, ९८०७९९९००

**पायल्स तथा फिस्टुलाको उपचार**

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **फागुन ९ र १० गते** काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

**ॐ धनवन्तरी आयुर्वेद क्लिनिक**
बाणिज्य बैंक छेऊ, बिर्तामोड, झापा (फोन नं. ०२३–५४०५३०, ९८५२६७३१७३)

बाथरोग सम्बन्धी जुनसुकै समस्याको लागि
**डा. लवराज लोहनी**
**M.B.B.S MD. (NAMS)**
**Fellowship in Rheumatology**
**AIIMS New Delhi**
**NMC No. 11300**
**वरिष्ठ बाथरोग विशेषज्ञको अब दैनिक सेवा**

**सनसाइन मेडिसिन सेन्टर**
**भद्रपुर रोड, बिर्तामोड नपा–४, झापा**
**(सानिमा बैंक अगाडि) सम्पर्क नं. ०२३–५३४१३२**

**कर्मचारी आवश्यकता**

नेपाल सरकारद्वारा सञ्चालित आमा सुरक्षा कार्यक्रम यस अञ्जली हस्पिटल प्रा.लि.मा शुरु हुन गइरहेको हुँदा उक्त सुरक्षा कार्यक्रमको लागि निम्न अनुसार कर्मचारी आवश्यक परेकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला ।

पद : एनेस्थेसीया टेक्नीसीयन — संख्या : १ जना
पद : ओटी नर्स — संख्या : २ जना
पद : स्टाफ नर्स वा अनमी — संख्या : ५ जना
(SBA Traning लिएकालाई विशेष प्राथमिकता)
तलब : आपसी समझदारीमा
सम्पर्क : सूचना प्रकाशित भएको मितिले एक हप्ताभित्र ।

सम्पर्क : **अञ्जली हस्पिटल प्रा. लि.,**
बिर्तामोड, झापा (**फोन** : ०२३–५४४७००, ९८५२६७४८०५)

पानीट्याँकी भारतको सेवा कांकरभिट्टामा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।




सातौं बर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरू उपलब्ध गराउँदे इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
कांकरभिट्टा आउँदा एक पटक अवश्य पाल्नुहोस्, सेवा लिनुहोस् ।

# रेडक्रस सभामा सम्मान




**झापा, फागुन ८।** मानवीय सेवामा समर्पित रेडक्रस अभियानमा रचनात्मक सहयोग पुर्‍याउने संघ-संस्थालाई सम्मान र उत्कृष्ट रेडक्रस संस्थालाई पुरस्कृत गर्दै नेपाल रेडक्रस सोसाइटी झापा शाखाले ४७औं जिल्लासभा सम्पन्न गरेको छ ।

झापाको भद्रपुरस्थित संस्थाको सभाहलमा आयोजित समारोहकाबीच शनिबार जिल्लासभा सम्पन्न भएको हो । राष्ट्रिय रुपमै सँधै अब्बल शाखाको रुपमा रहँदै आएको झापा शाखाका सभापति लोकराज ढकालको अध्यक्षतामा आयोजित साधारणसभाको उद्घाटन प्रमुख अतिथि झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले गरेका थिए ।

सो अवसरमा जिल्लामा एक वर्षभरिमा सबैभन्दा बढी रक्त संकलन गर्ने संस्थालाई अवार्डसहित सम्मान गरिएको थियो भने वर्षभरि उत्कृष्ट काम गर्ने उपशाखाहरुलाई पुरस्कृत गरिएको थियो ।

यस वर्ष रक्तदान कार्यक्रम आयोजना गरी पहिलो हुन सफल रोटरी/रोट्रयाक्ट क्लव अफ भद्रपुर र भद्रपुर जेसीज, दोस्रो हुने सत्यसाई केन्द्र १ नं. प्रदेश र तेस्रो हुने नेपाली कांग्रेस झापा गाउँ समितिलाई प्रमुख अतिथि प्रजिअ तिमिल्सिनाले अवार्डसहित सम्मान गरेका थिए । त्यस्तै वर्षभरि काम गरेको मूल्याङ्कनका आधारमा समान अंक ल्याई प्रथम भएका भद्रपुर र लखनपुर उपशाखालाई जनही ५ हजार, दोस्रो हुने बुद्धशान्ति र बाह्रदशी उपशाखालाई जनही ४ हजार तथा तेस्रो हुने शरणामती र बाहुनडाँगी उपशाखालाई ३/३ हजार नगद पुरस्कार प्रदान गरिएको थियो ।

शाखाका मन्त्री चन्द्रप्रसाद चूडाल र उपमन्त्री विश्व थापाले संयुक्त रुपमा सञ्चालन गरेको समारोहमा शुभकामना मन्तव्य राख्दै प्रजिअ तिमिल्सिना, सोसाइटीका पूर्व केन्द्रीय कोषाध्यक्ष तथा झापा शाखाका पूर्व सभापति भक्त खवासलगायतले मानवीय सेवामा झापा रेडक्रसले गरेका कामको मुक्तकण्ठले प्रशंसा गरेका थिए । मन्त्री चुडालले वार्षिक प्रगति प्रतिवेदन, कोषाध्यक्ष हेम खड्काले आर्थिक प्रतिवेदन र लेखा समिति संयोजक मनोज अग्रवालले लेखा प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रममा जिल्ला सदस्य ओमप्रकाश गौतमले स्वागत गरेका थिए ।

रेडक्रस झापाले कोभिड-१९को महामारीको समयमा जिल्लाका विभिन्न स्थानका क्वारेन्टिनलगायत स्वास्थ्य संस्थाहरुलाई उल्लेख्य मात्रामा स्वास्थ्य सामग्री उपलब्ध गराएको थियो । त्यस्तै कोभिडका कारण अप्ठ्यारोमा परेका विपन्न समुदायलाई राहत सामग्री उपलब्ध गराउनुका साथै जिल्लामा पीसीआर ल्याव स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गरेको सभापति लोकराज ढकालले बताए ।

# साहित्यकार र पत्रकार पुरस्कृत



**झापा, फागुन ८।** विर्तामोडमा आयोजित एक कार्यक्रमकाबीच एक पत्रकारसहित तीनजनालाई पुरस्कृत गरिएको छ ।

जयेन्द्रप्रसाद प्रसाई साहित्य सेवा कोषद्वारा कोषकै सभाहलमा आयोजित एक कार्यक्रमकाबीच २०७६ सालमा प्रकाशित कृतिमध्ये वर्षोत्कृष्ट अस्वत्थामा कृतिका लेखक कुमार भट्टराई, विष्णु चन्द्र पद्मा दीर्घ साहित्य सेवाबाट, साहित्य तथा शिक्षासेवी मोहन भण्डारी र धनमाया सक्रिय महिला वर्षोत्कृष्ट पत्रकारिता पुरस्कारबाट अन्नपूर्ण पोष्ट दैनिकका झापा सम्वाददाता राधा खनाललाई पुरस्कृत गरिएको थियो ।

पुरस्कृत तीनैजनालाई कार्यक्रमका प्रमुख आतिथि कोमलप्रसाद पोखरेल, संस्थाका अध्यक्ष गोपीकृष्ण प्रसाई, प्राज्ञसभा सदस्य शुभद्रा भट्टराई, केशवराज खनाल लगायतले दोसल्ला, सम्मानपत्रसहित नगद राशिद्वारा पुरस्कृत तथा सम्मान गरेका थिए ।

पुरस्कृत तीनवटै पुरस्कारको राशि जनही २१ हजार १ सय ११ रुपैयाँ रहेको बताइएको छ । सम्मानित स्रष्टाको व्यक्तित्वबारे कोषका उपाध्यक्ष विष्णुकुमार भट्टराई र रेजिना गौतमले प्रकाश पारेका थिए ।

कोषका अध्यक्ष गोपीकृष्ण प्रसाईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विष्णुकुमार भट्टराईद्वारा लिखित चिन्तन, मनन र गन्थन, बाँच्ने खेलका हारजित र बिनोद खनालद्वारा लिखित 'तितो-मिठो हास्यव्यङ्ग्य कृति विमोचन गरिएको थियो ।

भट्टराईद्वारा लिखित कृतिमाथि पुण्यप्रसाद खरेल र हरिप्रसाद भट्टराईले समीक्षा गरेका थिए भने विनोद खनालद्वारा लिखित पुस्तकबारे स्रष्टा आफैंले प्रकाश पारेका थिए ।

संस्थाका सचिव राजेन्द्र प्रसाईद्वारा सञ्चालित कार्यक्रममा प्रमुख अतिथि पोखरेल, डा. पुण्यप्रसाद सिग्देल, प्राज्ञसभा सदस्य भट्टराई, प्रसाई ट्रष्टका पूर्व अध्यक्ष खगेन्द्र प्रसाई, पुरस्कृत प्रतिभाहरु, कृतिकार भट्टराई लगायतले बोलेका थिए ।

कार्यक्रममा दधिराज खनाल र मिना अधिकारीले कविता वाचन गरेका थिए ।

# दुर्घटनामा बैंक शाखा प्रमुखको मृत्यु

**झापा, फागुन ८।** पूर्वपश्चिम राजमार्गको मेचीनगर-१३स्थित चारआलीमा सवारी दुर्घटना परी ग्लोबल आइएमइ बैंक फिक्कलका शाखा प्रमुख अनन्त आचार्यको मृत्यु भएको छ ।

शुक्रबार मे११प ४४७८ नम्बरको मोटरसाइकलले विपरीत दिशाबाट आउँदै गरेको मे११प ११३१ नम्बरको मोटरसाइकल एकापसमा ठोक्किँदा उनी गम्भीर घाइते भएका थिए । घाइते आचार्यको बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

यसैगरी सोही दुर्घटनामा मे११ प ११३१ नम्बरको मोटरसाइकलमा सवार दुई जना घाइतेको उपचार भइरहेको बताइएको छ । दुवै मोटरसाइकल प्रहरीको नियन्त्रणमा रहेका छन् ।

# झापामा 'नबोल्ने बा' स्मृति प्रतिष्ठान

**बिर्तामोड, फागुन ८।** वाक क्षमता नभएका स्वर्गीय लोकनाथ खतिवडालाई मृत्युपर्यन्त पनि सन्ततीहरुले अमर बनाउने कर्मलाई निरन्तरता दिएका छन् ।

झापाको तत्कालीन शान्तिनगर गाविस-४का लोकनाथले वाक क्षमता नभए पनि कृषि कर्ममा गाउँकै उदाहरणीय ब्यक्तिको रुपमा आफ्नो पहिचान बनाउन सफल भएका थिए । वि.सं. १९९२ वैशाख ४ गते जन्मिएका लोकनाथको विं.स. २०७५ साल फागुन २५ गते निधन भएको थियो ।

आवाजविहीन लोकनाथ 'नबोल्ने बा' नामले परिचित रहेका छन् । नामभन्दा पनि 'नबोल्ने बा' नामले सबैले चिन्ने भएपछि खतिवडा परिवारले बुबाको स्मृतिमा 'नबोल्ने बा' स्मृति प्रतिष्ठान गठन गरेको हो ।

आमा रेनुका खतिवडाको ७३औं जन्मोत्सवको अवसरमा प्रतिष्ठान गठन गरिएको अध्यक्ष सुरेश खतिवडाले जानकारी दिए । आमा रेनुका संरक्षक रहेको प्रतिष्ठानमा पाँच लाख रुपैयाँको कोष खडा गरिएको छ । कृषकका लागि 'नबोल्ने बा', शिक्षामा 'नबोल्ने बा', ज्येष्ठ नागरिक एकल महिला र बालकालिकाका लागि 'नबोल्ने बा' र स्वास्थ्यका लागि 'नबोल्ने बा' विधामा प्रत्येक वर्ष स्मृति दिवसको अवसरमा कार्यक्रम गरिने बताइएको छ । हाल बुद्धशान्ति गाउँपालिका-५मा कार्यालय रहने गरी स्थापना भएको प्रतिष्ठानले सोही वडामा केन्द्रित रहेर कार्यक्रम गर्ने जनाइएको छ ।

समितिको संरक्षकमा स्वर्गीय खतिवडाकी धर्मपत्नी रेनुका खतिवडा रहेकी छन् । तदर्थ समितिको अध्यक्षमा सुरेश खतिवडा, उपाध्यक्ष सुरज खतिवडा, सचिवमा रोहितकुमार भट्टराई र कोषाध्यक्ष सरिता ढकाल रहेका छन् । समितिको सदस्यहरुमा लक्ष्मी ढुङ्गाना, हेमन्ता क्षितिज (बराल), बुद्धिमता बराल, सुसन घिमिरे, तुलसीप्रसाद सुवेदी, पोषण खतिवडा, दीपा ओली र सुदर्शन खतिवडा रहेका छन् ।



त्यस्तै प्रतिष्ठानको सल्लाहकारहरुमा स्वर्गीय खतिवडाका भाइ साहित्यकार तेजराज खतिवडा (तेराख), दाजु डिल्लीराम खतिवडा, शिरो सान्दाइ खतिवडा, बासुदेव खतिवडा, युद्धभ खतिवडा, डाक्टर अर्जुनकुमार बराल, पुष्पराज घिमिरे, तारा विविध (पौडेल) र नरेन्द्र ढकाल रहेका छन् ।

समिति गठन र शुभारम्भको औपचारिक सभाको सभापतित्व संरक्षक रेनुका खतिवडाले गरेकी थिइन् । कान्छा सुपुत्र सुरज खतिवडाले स्वागत गरेको कार्यक्रममा औषधि व्यवसायी संघ झापा उपाध्यक्ष तथा चेम्बर अफ कमर्श झापाका महासचिब प्रदीप खरेल, नेशनल लाइफ इन्स्योरेन्सका सेन्ट्रल डाइरेक्टर तथा पञ्चकन्या सोसाइटीका अध्यक्ष तेजमणि प्रसाईं, राजनीतिकर्मी सीपी कडरिया, मुनाल टोल बिकास अध्यक्ष लक्ष्मी गौतम र एक्टिभ नाइनका महासचिब भानु खनालले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रमको औचित्यमाथि सुरेश खतिवडाले प्रकाश पारेको कार्यक्रममा समितिको नामावली बाचन सल्लाहकार युद्धभ खतिवडाले गरेका थिए । आमाका केही शब्द उच्चारणसहित उद्घाटन गरिएको कार्यक्रमको सञ्चालन रोहित भट्टराईले गरेका थिए ।

**को हुन् 'नबोल्ने बा' ?**

झापको शान्तिनगरमा विं.स. १९९२ वैशाख ४ गते जन्मिएका लोकनाथ खतिवडाको विस २०७५ साल फागुन २५ गते निधन भएको थियो । जन्मजात बोली नआएका लोकनाथ शान्तिनगरमा 'नबोल्ने बा' ले चिनिने गरेका थिए । उनले गरेको तीनतले खेतीलाई आत्मसात गर्दै शान्तिनगरका कृषकहरुले पनि आफ्नो खेतबारीमा आधुनिक खेती गरिरहेका छन् ।

करिब १२ विगाह जग्गामा उनले चिया, सुपारी, बेसार र मरिच एकैठाउँमा फलाएर सफल कृषकको उदाहरण प्रस्तुत गरेका थिए भने तीनतले कृषिको बारेमा शान्तिनगरमा धेरै किसानलाई जानकारी समेत दिएका थिए । बोली नआए पनि इशराको भरमा उनले धेरैलाई कृषि सम्बन्धी ज्ञान दिएका थिए ।

आफू जन्मजात नबोल्ने भए पनि उनले आफ्ना सन्ततिहरुलाई भने उच्च शिक्षा दिएका छन् । उनका एक छोरा शिक्षक, अर्का स्वास्थ्यकर्मी छन् भने कान्छो छोरा इञ्जिनियर हुन् । आफ्नो मृत्युपछि नेत्रदान गर्ने घोषणा गरेर समाजलाई केही न केही योगदान दिनुपर्छ भन्ने सोचाइ राख्ने लोकनाथले सबैलाई सामाजिक काममा उत्प्रेरित गराउने गरेका थिए । बोली नआए पनि उनले नेत्रदान गरेर समाजका लागि महत्वपूर्ण काम गरेको भन्दै अहिले पनि उनको चर्चा हुने गरेको छ ।

उनलाई जय नेपाल प्रतिभा प्रोत्साहन प्रतिष्ठान बिर्तामोडले उत्कृष्ट कृषकको रुपमा मनमोहन टेकबहादुर उत्कृष्ट कृषक पुरस्कारद्वारा सम्मान गरेको थियो । त्यस्तै नेपाल सुपारी खेती विकास संस्थाले पनि उत्प्रेरणाको स्रोत भन्दै उनलाई सम्मान गरेको थियो । खतिवडाका जेठा दाजु स्वर्गीय खेमराज खतिवडालाई सामाजिक सेवाको आदर्शको रुपमा मान्ने लोकनाथको त्यही चरित्रलाई जीवन्त राख्न प्रतिष्ठानको स्थापना गरिएको बताइएको छ ।

## बार्ता ...

गर्ने वातावरण बन्ने अवस्थामा हाम्रो पार्टी सरकारसँग संवाद र वार्ताको लागि सकारात्मक रहेको विषय सबैमा जानकारी गराउँदछौं ।'

सरकारले विप्लव समूहलाई लगाएको प्रतिवन्ध फुकुवा गर्न सकिने बताइरहेका बेला उक्त समूहको विज्ञप्ति आएको हो । केही दिनअघि खानेपानी मन्त्री मणि थापाले चन्द समूहका नेता हेमन्तप्रकाश ओलीलाई नख्खू कारागार गएर भेटेका थिए । त्यसक्रममा उनी वार्ताको वातावरण बनाउन नभइ अनुगमनमा गएको प्रतिक्रिया दिएका थिए ।

## राप्रपाको ...

कार्यक्रममा बोल्दै पार्टी अध्यक्ष थापाले केही दिनमै अदालतले चुनावको पक्षमा फैसला गर्ने बताए ।

नेपाली जनताले तिरेको कर र विदेशीको ऋृण लिएर संघीयताको बोझलाई नेपाली जनताले धन्न नसक्ने बताउँदै अध्यक्ष थापाले संवैधानिक राजासहित हिन्दूराष्ट्रको विकल्प नरहेको दावी गरे । सभामा उनले भने- 'हामीले अब राजा आऊ देश बचाऊ भन्ने होइन, हामीले जनता आऊ राजा ल्याऊ, जनता आऊ हिन्दू राष्ट्र ल्याऊ भन्ने हो, राजाले मात्र देश बचाउने होइन, अब राजा र जनता मिलेर देश बचाउनु पर्छ ।'

पार्टीका झापा क्षेत्र नं. ५का क्षेत्रीय अध्यक्ष विजय बरालको अध्यक्षतामा भएको मोटरसाइकल ऱ्यालीको समापन सभामा प्रतिनिधिसभा सदस्य राजेन्द्र लिङ्देन, पार्टीका केन्द्रीय सदस्य टेकनारायण राजवंशी, प्रदेश नं.१ का संयोजक राम थापा, झापा जिल्ला अध्यक्ष अमर विष्टलगायतले बोलेका थिए । जिल्ला सदस्य तथा गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठले स्वागत गरेको कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी कार्यकर्ता राप्रपा प्रवेश गरेका थिए ।

## नेताहरुले ...

बनाएको संविधानको महत्व समाप्त हुने दावी समेत गरे ।

कार्यक्रममा अर्का बक्ता नेपाली कांग्रेसका केन्द्रीय सदस्य सरिता प्रसाईले नेपाली कांग्रेसका नेताहरु वीपी र सीकेको निष्ठाकै कारण धेरै जनता कांग्रेस भएको चर्चा गर्दै उहाँहरुको विराशत कायम राख्न अहिलेका नेताहरुले समाजवादी आचरण दैनिक जीवनमा अनुशरण गर्नुपर्नेमा जोड दिइन् ।

कार्यक्रममा सीकेका विचारहरु तथा नेपाली कांग्रेसका गतिविधिलाई प्रतिबन्धित समयमा समेत जनतासमक्ष लैजान महत्वपूर्ण भूमिका खेल्ने राष्ट्रपुकार साप्ताहिकका सम्पादक तथा सीकेका समकालीन व्यक्तित्व पत्रकार होमनाथ दाहाल र समकालीन नेता भैरवप्रसाद थपलियालाई सम्मान गरिएको थियो । सम्मानित व्यक्तित्वहरुलाई प्रमुख अतिथि सिटौलाले दोसल्ला ओढाएर सम्मान गरेका थिए भने प्रतिष्ठानका संरक्षक विवेककेशरी प्रसाईले उनीहरुलाई सम्मानपत्र प्रदान गरेका थिए ।

कार्यक्रममा संविधानसभा सदस्य सुधिरकुमार शिवाकोटी, नेपाली कांग्रेस झापाका सभापति उद्धव थापा, पूर्व सभापति पूर्णानन्द शर्मा, प्रतिष्ठानका सल्लाहकार खगेन्द्र प्रसाई लगायतले आ-आफ्नो धारणा राखेका थिए ।

कार्यक्रममा प्रतिष्ठानले जिल्लाका सामुदायिक विद्यालयहरुका लागि बार्षिक रुपमा प्रदान गर्ने शैक्षिक सहयोग स्वरुप रु. ५० हजार रुपैयाँ यसबर्ष देवी मावि बिर्तामोडलाई प्रदान गरिएको थियो । सो क्रममा नेपाली कांग्रेसमा प्रवेश गरेका दयासागर आचार्यलाई नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाले सदस्यता प्रदान गरे । सीके चिन्तन प्रतिष्ठानका अध्यक्ष टीका प्रसाईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उपाध्यक्ष कुमार भट्टराईले र सञ्चालन महासचिव लक्ष्मी आचार्यले गरेका थिए ।


**एकीकरण सम्बन्धी १५ दिने सार्वजनिक सूचना**

यस त्रिशक्ति बहुउद्देश्यीय सहकारी संस्था लि. बिर्तामोड-५को १६औं वार्षिक साधारणसभाबाट सञ्चालक समितिलाई संस्था एकीकरण गर्ने अख्तियारी प्रत्यायोजन भए बमोजिम सञ्चालक समितिको निर्णय अनुसार यस त्रिशक्ति बहुउद्देश्यीय सहकारी संस्था लि. बिर्तामोड-५ र डाँफे बचत तथा ऋृण सहकारी संस्था लि. दमक-५, बीच 'सहकारी संघ-संस्था एकीकरण सम्बन्धी कार्यविधी २०७७' बमोजिम एकापसमा एकीकरण प्रक्रिया अगाडि बढेकाले सो सम्बन्धमा सम्पूर्ण शेयर सदस्यज्यूहरु तथा अन्य सरोकारवालाहरुको कुनै सुझाव तथा प्रतिक्रिया भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र प्राप्त हुने गरी यस संस्थाको कार्यालयमा आफ्ना सुझाव तथा प्रतिक्रियाहरु लिखित रुपमा दर्ता गराइदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

**त्रिशक्ति बहुउद्धेश्यीय सहकारी संस्था लि.**
बिर्तामोड-५, झापा (सम्पर्क नं. ०२३-५४५४६०)

**आकर्षक घडेरी बिक्रीमा**

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ४२ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनको लागि भिटाहरु एकमुष्ठ वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।
नोटः जम्मा जगाको क्षेत्रफल १६ कठ्ठा १३ धुर रहेको छ ।
*पुनश्चः बाटोको भाग पिच सेन्टरबाट २६ फिट कट्टा गरी दिइनेछ ।*
सम्पर्क : नरेश श्रेष्ठ (९८४२६२४१५०/९८१७०२१८५५)

चिनारी राजश्व सेवा सेन्टरको सेवा अब हाम्रो झापामा
**हाम्रो सेवा तथा परामर्श**

१) आन्तरिक राजश्व कार्यालयमा हुने कार्यहरु:
क) कर भुक्तानी/ कर चुक्ता ख) पान नं. सम्बन्धी
ग) कारोबार थप घ) VAT BILL सम्बन्धी काम
२) घरेलु तथा साना उद्योग कार्यालयमा हुने कार्यहरु
क) फर्म दर्ता ख) नवीकरण ग) फर्म खरिद/बिक्री
३) कम्पनी रजिष्ट्रार कार्यालयमा हुने कार्यहरु
क) कम्पनीको दर्ता ख) नवीकरण ग) नामसारी घ) ठाउँ सारी खरिद
४) यातायात कार्यालयमा हुने कार्यहरु
५) कम्पनी, संघ-संस्था, सहकारी तथा फर्महरुको लेखा परीक्षण
६) NTC, NCELL, DISH HOME, INTERNET को रिचार्ज
७) बिजुली, पानीको बिल भुक्तानी
८) फोटोकपी तथा कम्प्युटर सम्बन्धी कार्य अन्य निकायमा, अनलाइन सम्बन्धी कार्यहरु

**चिनारी राजश्व सेवा सेन्टर**
अर्जुनधारा-८ (तुतबारी), झापा
बिर्तामोड-शनिश्चरे रोड, पूर्वाध डेरी उद्योग पूर्व (सुशीला सुवेदीको घर)
युवराज सापकोटा (मो. ९८०४९७६५०६), भीम सञ्जेल (मो. ९८४२६४५३७५)

ट्रष्ट नेपाल ओभरसिजमा
**कर्मचारी आवश्यकता**

**कर्मचारीको पद** : कम्प्युटर अपरेटर २ जना (महिला/पुरुष)
**योग्यता** : कम्प्युटर सम्बन्धी दक्ष हुनुपर्नेछ ।
**मासिक तलब** : आपसी समझदारीमा
**सम्पर्क गर्ने अन्तिम मिति** : २०७७ फागुन ९ गते आइतबार १२:०० बजे ।
**अन्तरवार्ता मिति** : २०७७ फागुन ९ गते आइतबार १:०० बजेबाट ।
**ट्रष्ट नेपाल ओभरसिज प्रा. लि.**, शाखा कार्यालय, बिर्तामोड, झापा
फोन नं. : ०२३-५४५०७४, मो. ९८५१०१६८०९, ९८०४९६१४१४
Email: trustnepaljhapa@gmail.com

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# निष्ठाले अमर सीके

**समाजवादी चिन्तक सीके प्रसाईको २७औं स्मृति दिवसका अवसरमा एउटा उदाहरणीय कार्यक्रम झापामा सम्पन्न भयो । नेपाली राजनीतिका शिखर पुरुषमध्येका एक भएर पनि सम्भ्रान्त परिवारमा जन्मिएर पनि र कुनै सार्वजनिक पद धारण नगरेर पनि सधैँ र सबैका लागि सरल, खुल्ला र सामान्य जीवनको उदाहरण सीके सबै विचार र वादभन्दा माथि थिए । उनको योगदानको सम्मान गर्दै नयाँ पुस्तालाई उनको सेवा र त्यागबाट प्रेरणा प्रदान गर्ने उद्देश्यले स्थापित सीके चिन्तन प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा सहभागी वक्ताहरुले सीकेका विचार, व्यवहार र सेवाका अप्रकरित तथ्यहरु सार्वजनिक गरेका थिए ।**

**राजनीतिलाई समाज एवम् देश सेवाको माध्यम ठान्ने प्रसाईं त्यही निष्ठाले बाँचे । सत्य, धर्म, निष्ठा र त्यागका समष्टि बनिएका उनी नेपालको प्रजातान्त्रिक आन्दोलनका इमान्दार सिपाहीँ रहे । देशमा भएका कतिपय राजनीतिक परिवर्तन, तिनले पारेको प्रभाव र दिएको परिणाममा अविचल रहन सक्ने, धैर्य गर्न सक्ने, द्वेष, इर्ष्या र प्रलोभनबाट मुक्त सीके त्यहीकारण पनि सबै वाद र विचार भएकाहरुका लागि समेत आदर्श पुरुष थिए । तत्कालीन पञ्चायत व्यवस्थामा फरक विचार राख्ने भएकै कारण सर्वस्व गुमाएर निर्वासन भोग्नु पर्दाको समय होस् अथवा स्वदेश फिर्तापछि पटक–पटक पक्राउ पर्नु परेको घटना नै किन होस् उनी कहिल्यै आस्था, निष्ठा र सिद्धान्तबाट विचलित भएनन् । पद, पैसा र प्रतिष्ठालाई गौण ठान्ने सीके आफू भने अग्रजहरुका सामु आफूलाई सानो ठान्थे ।**

**सादा जीवन र उच्च विचारका पर्यायका रुपमा परिचित उनी भौतिक रुपले यस धाममा छैनन् । उनको अनुपस्थिति नेपाल र नेपाली राजनीतिका लागि कहिल्यै पूर्ण नहुने क्षति हो । आज प्रविधिको विकासले विश्वलाई एउटा विन्दुमा समेटेको छ । तर, स्वयम् अत्याधुनिक प्रविधि थिए जो एकपटक देखेकोलाई कहिल्यै बिर्सदैन थिए, पढेको कहिल्यै भुल्दैन थिए । पठन चेतले पठन संस्कृतिको विकास गर्छ, त्यसैले जो कोहीले पुस्तक पढनु पर्छ भन्ने उनको मान्यता थियो । आजीवन नेपाली कांग्रेसको विचार, दर्शन र आदर्शका लागि संघर्षरत् सीके उनको भौतिक अवसान पछि पनि नेपालीको मनमा जीवित छन् । उनका आदर्श, निष्ठा, त्याग र सेवालाई खासगरी उनकै अनुयायीहरुले इमान्दारपूर्वक पालना गर्ने हो भने समाज र दुनियाँको मुहार फेर्न समय लाग्दै । राजनीति गर्नेहरुले मात्रै उनका विचार, निष्ठा र सेवाको अनुशरण गर्न सके भने उनीप्रति सम्मान गरेको ठहरिने छ ।**

# विरोधाभास पूर्ण राजनीति : अब हाम्रो गन्तव्य कता ?



**नेत्रप्रसाद निरौला**

चालीस दशकको मध्यतिर म माध्यमिक स्तरको विद्यार्थी हुँदा, कम्युनिष्ट पार्टीको गाउँ-गाउँमा संगठन विस्तार भूमिगत रुपमा थियो । पत्रपत्रिका लगायतका सूचना एवम् सञ्चारमाध्यमहरु अत्यन्त न्यून थिए । भएका सूचना एवम् सञ्चारमाध्यमहरुसँगको हाम्रो पहुँच नगण्य मात्र थियो । तथापि हामी, म लगायत केही मेरा साथीहरु जसलाई राजनीति र सामाजिक परिवर्तनकाबारेमा थोरै चासो थियो । हामी देशको राजनीति तथा समाजका बारेमा हाम्रो स्तर अनुसारका चर्चा गर्थ्यौं । राजनीतिका बारेमा धेरै खुलेर गफ गर्ने त वातावरण पनि थिएन, पञ्चायति व्यवस्था थियो । प्रहरी प्रशासनले सुइँको पाई हाले आफूले भन्दा पनि आफ्ना अभिभावकहरुले बढी सास्ती भोग्नु पर्ने हुन्थ्यो । राजनीति गफ त के हुन्थ्यो र, पञ्चायति व्यवस्थाविरुद्ध कुरा गर्ने, भ्रष्टाचार, नातावाद, कृपावादका सुनेका कुराका बारेमा विरोध गर्ने जस्ता विषय हुन्थे ।

कम्युनिष्ट पार्टीले निकालेका पर्चा, पम्पप्लेट, स-साना पुस्तिका, झापा आन्दोलनका बारेमा लेखिएका पुस्तिका, छिन्ताङ हत्याकाण्ड, पिस्कर, रत्नकुमार बान्तवा हत्याकाण्ड आदि पञ्चायति व्यवस्थाले गरेका हत्याकाण्डका बारेमा प्रकाशित पुस्तिकाहरु, पर्चा आदि लुकेर पढ्ने र छलफल गर्ने गरिन्थ्यो । पहुँच पुगेको बेला राल्फाली समूहका गीतहरु सुन्थ्यौं । एउटा छुट्टै आनन्द आउनुका साथै मनभित्र विद्रोह हुन्थ्यो । देश बर्वाद पार्ने पञ्चायति व्यवस्था मात्र हो । मलाईभित्र सधैँ लाग्थ्यो देशमा गणतन्त्र स्थापना भई यी कम्युनिस्ट पार्टी कुनै दिन सत्तामा पुगेको हेर्न पाए कस्तो हुन्थ्यो होला । एकदिन मैले यही चासो राखे मेरा अग्रज एकजना राजनीतिकर्मीसँग राखेँ, तर त्यही समयमा उहाँले त्यसले कुनै फरक नपर्ने, देशमा विद्यमान विकृति, विसंगति, भ्रष्टाचार जस्ता कुरा नहट्ने, बरु झन् मौलाउन सक्ने तर्फ इंगित गर्नुभयो ।

तत्कालीन सोभियत रुसको उदाहरण दिँदै त्यहाँ भएका नेताहरुको विलासी जीवनशैली, सामान्य नागरिक र नेताहरु बीच रहेको विभेद आदिको चर्चा गर्नुभयो । मैले तत्काल प्रतिवाद त गरिन, तर मलाई के लाग्यो भने भिन्न विचार भएकोले यसो भनिएको हुनुपर्दछ । मैले चिनेका र सुनेका कम्युनिष्ट पार्टीका सदस्यहरुले कदापि देश र जनताको भलाई छोडेर ब्यक्तिगत लाभमा हाम फाल्न सक्दैनन् । तर, आज सम्झिरहेछु आजभन्दा तीस बर्ष अगाडि उहाँले भनेको सत्य रहेछ र उहाँको त्यतिबेरको सोच साच्चै धेरै अगाडि रहेछ, आज भोलि महशुस गर्दैछु ।

आज सर्वहारा जनताको प्रतिनिधित्व गर्ने नेकपा, हँसिया-हतौडा अंकित झण्डा भएको पार्टीको नेतृत्वको सरकार छ । तर, के देशमा रहेका सर्वहाराहरुको जीवनमा यो तीन वर्षमा केही परिवर्तन आयो या आउने संकेत आयो ? प्रश्न गम्भीर छ । विगतमा सामन्ती र शोषकका रुपमा भौतिक कारवाहीमा परेकाहरु के आज यही समयका लागि मरेका हुन् ? अथवा अझ प्रष्टसँग भन्ने हो भने धर्मप्रसाद ढकाल र बुटन चौधरीहरु यही समयका लागि बाधक थिए ? उनीहरु रहेका भए पनि यो समय आउँदैनथ्यो होला ? उनीहरुको सफाया के का लागि ? त्यस्तै दश वर्षसम्म हतियारसहित मुलुक परिवर्तनका लागि गरिएको जनविद्रोहको नेतृत्व गर्ने दल सत्तारुढ छ । र, सो दलले अघि सारेका धेरै एजेण्डाहरु पूरा भएका छन् । जस्तैः राजतन्त्रको अन्त्य, संविधानसभाबाट संविधान, संघियता मूलत आन्दोलन मार्फत हुनसक्ने परिवर्तनहरु यिनै हुन् । यसका लागि धेरै नेपालीले शहादत्त प्राप्त गरे ।



धेरैको घरबार उजाडियो । तर, त्यो विगतको सशस्त्र जन विद्रोहको मूल उद्देश्य के थियो ? हामीले कति प्राप्त गर्‍यौं वा प्राप्त गर्ने अवसरतिर मुलुक गइरहेको छ ? गम्भीर विश्लेषण गर्ने बेला आएको छ । जनताले त दलहरुले आह्वान गरेका बेला पूरा सहयोग गरेर विद्रोहलाई एउटा निष्कर्षमा पुऱ्याई दिएका छन् । चाहे त्यो सडक विद्रोह होस् वा शान्तिपूर्ण विद्रोह अथवा यसलाई यसरी भनौं कि विगतमा भएको गठजोड सरकारका कारण राजनीतिक स्थिरता भएन, सुशासन कायम हुन सकेन, विकासले गति लिन सकेन भनेर जनताले एउटा दललाई स्पष्ट बहुमत दिए । यो पनि नागरिकको एक प्रकारको शान्तिपूर्ण विद्रोह नै हो ।

अब शान्ति-सुरक्षा, सुशासन, ब्यक्तिगत स्वतन्त्रता, देशको रक्षा, आर्थिक, भौतिक विकास, रोजगारी, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवासुविधा जस्ता कुराहरुको प्रत्याभूति सरकारले सुनिश्चित गर्ने हो न कि नागरिकले सडक आन्दोलन गर्ने । तर, यतापट्टि सरकार जाँदैछ कि छैन भन्ने सवालमा निष्पक्षरुपले हेर्ने हो भने एउटा नागरिकको रुपमा भन्ने हो भने सरकार यी सबै बिषयमा आजसम्म चटपटाएको देखिँदैन । गहिरा प्रश्नहरु धेरै छन्, न कसैले उत्तर दिन चाहन्छ, न कसैले गम्भीर भएर गहन छलफल गर्छ । हरेक व्यक्ति, संस्था, दलहरु आ-आफ्ना स्वार्थका पछाडि दगुरिरहेको भान हुन्छ । भनिने एउटा र गरिने अर्कै छ राजनीतिमा । देखिने एउटा र भित्री कुरा फरक छ अहिलेको राजनीतिमा, विरोधाभास पूर्ण छ नेपालको राजनीति ।

यसपटक देखापरेको विश्वव्यापी स्वास्थ्य संकटमा पनि हाम्रो देशमा जुन घट्ना परिघट्नाहरु देखापरे यसले समग्र सरकार र राजनीतिप्रति नागरिकको धारणा सकरात्मक रहेन । यत्रो विश्वव्यापी महामारीमा सबैभन्दा बढी प्रताडित हुनेमा गरीब, निमुखा, मजदुर, किसान, तल्लो वर्गका नागरिक देखिए जब कि देशका तीनै तहमा हँसिया-हतौडा अंकित झण्डा भएको कम्युनिष्ट पार्टीको सरकार छ । धेरै नागरिक भोकभोकै परे, तर हामी भोकै छौ भन्ने नागरिकप्रति सरकारले तमासा मात्र देखाएको भनेर कटाक्ष गरिरह्यो । तर, कहिल्यै नागरिक प्रति संवेदनशील भएर सोच्न सकेन वा चाहेन ।

हाम्रो देशमा जनताले लामो समयसम्म राजनीतिक अस्थिरता रहेका कारणले देशको समग्र भौतिक, सामाजिक विकास लगायत सुशासन अगाडि बढ्न नसकेको हो भन्ने निर्क्यौल निकाले र एउटा राजनीतिक दललाई बहुमत दिए । तर, बहुमत प्राप्त दलले देखाएको वा देखाइरहेको तमशा हाम्रो आँखा अगाडि छर्लग छ, यहाँ धेरै ब्याख्या गर्न जरुरी छैन । देशमा सुशासन, भ्रष्टाचार, विकास तथा नागरिकका अरु कैयौं आवश्यकतालाई एकातिर पन्छाएर आफूलाई नेता मान्नेहरु कुन हदसम्म गालीगलौचमा उत्रिएका छन् भन्ने कुरा यहाँ उल्लेख गरिरहन जरुरी छैन । सामान्य समकालीन राजनीतिमा चासो राख्नेहरुलाई प्रष्ट छ । अहिलेको यो अवस्था देख्दा त नेपालको राजनीति केटाकेटीको खेल झैं लाग्छ ।

तीन वर्ष अगाडि दुई तिहाई मत लिएर नेकपाले सरकार निर्माण गर्दा प्रायः सबै जनता हर्षित थिए । अब भने नेपालको राजनीतिमा स्थिरता आउँछ, देशमा सुशासन छाउँछ, देश विकास हुन्छ । तर, तीन वर्ष नपुग्दै विधायिका संसद प्रतनिनिधि सभा भंग गरियो । भंग गर्नुपर्ने कारण संसदभित्रको समस्या थिएन वा राजनीतिक जटिलता थिएन । पार्टीभित्रको झगडा थियो । भर्खरै मात्र मुलुकमा राज्यका अंगहरुले काम गर्न खोज्दै थिए । अब सबै अंगहरु अस्तव्यस्त भएका छन् । अब फेरि पुनः यथास्थानमा आउन निकै समय लाग्नेछ । असमयको निर्वाचनले लोकतन्त्र सुदृढ होइन कमजोर हुन्छ ।

यसरी आजको परिस्थिति देख्दा अब हाम्रो गन्तब्य के हो र कता हो भन्ने सबै नागरिकले गहिरिएर सोच्न जरुरी देखिन्छ । अबको मतदानमा नागरिकहरुले निकै गम्भीर भएर आफ्नो अधिकार प्रयोग गरेमात्र राजनीतिलाई सही दिशामा हिँडाउन सकिन्छ । अब हामी दलको दलको सदस्य होइन, राष्ट्रको सदस्य बनौं, आजको टड्कारो आवश्यकता हो यो ।

*(निरौला न्यूटन्स एजुकेशन एकेडेमीका शिक्षक हुन् ।)*

# आईपीएलमा बिकेनन् सन्दीप



**लक्ष्मी काफ्ले**

बहुचर्चित क्रिकेट प्रतियोगिता इण्डियन प्रिमियर लिग (आईपीएल)को १४औं संस्करणका लागि नेपालका लेगस्पिनर सन्दिप लामिछाने कुनै पनि टोलीमा आवद्ध हुन सकेनन् । बिहीबार सम्पन्न लिलामी (अक्सन)मा सन्दीपप्रति आईपीएलका कुनै पनि टोलीले बोली लगाएनन् ।

सन्दीपका लागि न्यूनतम मूल्य ४० लाख भारतीय रुपैयाँ तोकिएको थियो । विश्वका अन्य चर्चित क्रिकेट लिगहरुमा नछुट्ने सन्दीपलाई आईपीएका टोलीहरुले भने यसपटक खासै महत्व दिएनन् । आईपीएलमा यसअघिका वर्षहरुमा सन्दीप दिल्ली क्यापिटल्समा आवद्ध थिए । दिल्लीले सन्दीपलाई प्रति सिजन २० लाख भारतीय रुपैयाँ दिएर तीन वर्षसम्म अनुबन्धित गरेको थियो । यसपटक दिल्लीले सन्दीपलाई फुकुवा गरेपछि उनको नाम लिलामीमा गएको थियो । र, न्यूनतम् मूल्य ४० लाख भारतीय रुपैयाँ कायम गरिएको थियो ।

सन्दीपले सन् २०१८ बाट आईपीएलमा सहभागिता जनाउँदै आएका थिए । सन्दीप आईपीएल खेल्ने एकमात्र नेपाली क्रिकेटर हुन् । यसपटकको अक्सनमा नेपालबाट आठ जना खेलाडीले नाम दर्ता गराए पनि अन्तिम सूचीमा सन्दीप मात्रै परेका थिए । सन् २०१८, २०१९ र २०२० मा गरी तीन सिजन आइपीएलमा सहभागी भए पनि सन्दीपले दुईवटा सिजनका केही मात्र खेल खेल्ने मौका पाए । २०२० को अन्त्यतिर युएईमा भएको आईपीएलमा भने सन्दीपले कुनै पनि खेलमा मौका पाएनन् ।

आईपीएलका तीन वर्षहरुमा सन्दीपले जम्मा नौ खेल खेले र, १३ विकेट लिए । २०१८ को आईपीएलमा तीन खेलमा मात्र मौका पाएका सन्दीपले २०१९ मा छ वटा खेल खेले । दिल्ली क्यापिटल्सको वेभसाइटका अनुसार २०१८ मा सन्दीपले तीन खेलबाट पाँच र २०१९ मा छ खेलबाट आठ विकेट हात पारेका थिए ।



सन् २०१८ मा पहिलोपटक आईपीएलमा सहभागिता जनाएसँगै विश्वभरका क्रिकेट लिगमा सन्दीपका लागि ढोका खुलेको थियो । उनले उत्कृष्ट प्रदर्शन गर्दै दाम र नाम दुबै आर्जन गरिरहेका छन् । तर, यसपटक आईपीएलमा उनी छनौट नहुँदा सन्दीपका समर्थकहरु निराश बनेका छन् ।

आइपीएलमा चेन्नई सुपर किङ्ग्स, दिल्ली क्यापिटल्स, किङ्ग्स-११ पञ्जाब, कोलकाता नाइट राइडर्स, मुम्बई इण्डियन्स, राजस्थान रोयल्स, रोयल च्यालेन्जर्स बैंगलोर र सनराइजर्स हैदराबाद गरी कुल आठवटा टोलीले सहभागिता जनाउँदै आएका छन् । आइपीएल क्रिकेट यसअघि निरन्तर १३ सिजन सम्पन्न भइसकेको छ । १३ सिजनमा सबैभन्दा धेरै मुम्बई इण्डियन्सले पाँच पटक उपाधि उचालेको छ ।

भारतीय क्रिकेट कन्ट्रोल बोर्डले आयोजना गर्ने आईपीएल क्रिकेट प्रतियोगिता सन् २००८ बाट हरेक वर्ष सञ्चालन भइरहेको छ । कोरोना महामारीको कारण देखाउँदै बीसीसीआईले २०२० मा भने युएईमा प्रतियोगिता सञ्चालन गरेको थियो । गत १९ सेप्टेम्बरबाट जुन ६ सम्म भएको प्रतियोगिताको उपाधि मुम्बई इण्डियन्सले जितेको थियो ।

# ‘अपराधका योजनाहरु होटल तथा रेस्टुरेण्टमा’

**□ युवराज रेग्मी**

**गौरादह, फागुन ८ ।** गौरादह नगरपालिका गौरादह अन्तर्गतको इलाका प्रहरी कार्यालय गौरादहले नगरपालिकाका वडा नं. १,२ र ३ मा सञ्चालित होटल तथा रेस्टुरेण्ट व्यवसायीहरुलाई सुरक्षा सम्बन्धी सचेतना दिएको छ ।

इलाका प्रहरी कार्यालय गौरादहका प्रमुख प्रहरी नायव निरीक्षक रमेशकुमार मेहताले कार्यक्रमको सहजीकरण गर्दै अपराध नियन्त्रणका निमित्त होटल व्यवसायीहरु मुख्य कडीको रुपमा रहन सक्ने बताए । होटल व्यवसायीहरु सूचनाको मेरुदण्ड नै भएको बताउँदै उनले आपराधिक मानसिकताका व्यक्तिहरुको योजना तथा गफगाफको मुख्य केन्द्र होटल तथा रेस्टुरेण्ट भएको बताए ।



अक्सर मानिसहरु सुख-दुःख, जन्म-मृत्यु संस्कार, मिलन-विछोड, सफलता-असफलता लगायत सबै बहानामा मनोरञ्जनको निमित्त मादकपदार्थ सेबन गर्न होटल तथा रेस्टुरेण्टमा जान सक्ने उनको भनाइ छ । कार्यक्रममा प्रनानि मेहताले विभिन्न आपराधिक योजनाहरु तथा आपराधिक गतिविधि पश्चातको समीक्षा तथा छलफल पनि मादकपदार्थ सेवन गर्ने क्रममा गर्ने आंकलन प्रस्तुत गरेका थिए ।

सूचना लुकाउँदा आफू समेत अपराधीको निशानामा पर्न सक्ने सम्भावना उत्तिकै रहने बताउँदै उनले आपराधिक गतिविधिको सूचना निर्धक्क साथ प्रहरीलाई जानकारी दिई आपराधिक गतिविधिलाई दुरुत्साहन गर्न तथा आपराधिक गतिविधि नियन्त्रण कार्यका निमित्त आवश्यक सहयोग गर्न आग्रह गर्दै व्यवसायीहरुलाई निर्धक्क साथ सुरक्षित रही आफ्नो व्यवसाय गर्न आवश्यक सल्लाह र सुझाव समेत दिएका थिए ।

कार्यक्रममा सम्बन्धित वडामा होटल तथा रेस्टुरेण्ट व्यवसाय गर्ने ४३ जना व्यवसायीहरु सचेतना कार्यक्रममा सहभागी भएको इलाका प्रहरी कार्यालय गौरादहले जनाएको छ ।

# लायन्स र लियोद्वारा केर्खा बजार सरसफाई

**□ उमानाथ भण्डारी**

**कमल, फागुन ८ ।** लायन्स क्लव अफ केर्खा र लियो क्लव अफ केर्खाको संयुक्त आयोजनामा केर्खा बजार सरसफाई गरिएको छ ।

‘आफ्नो चुलो-चौका, घर आँगनदेखि चोक बजार सफा राखौं, आफ्नो अमूल्य जीवन स्वस्थ्य बनाऔं’ भन्ने नाराका साथ बजार सरसफाई गरिएको लायन्स क्लव अफ केर्खाका अध्यक्ष लायन अग्निप्रसाद कोइरालाले बताए ।

आफ्ना घर तथा पसलबाट निस्किएको फोहोर आफैले व्यवस्थापन गर्न सकेमात्र टोल सफा हुन्छ, टोल सफा भए बजार सफा हुन्छ । त्यसैले आजैबाट आफ्नो घरको फोहोर आफैले सफा गरौं भन्दै कार्यक्रमका सहभागीले घरधनी तथा व्यवसायीलाई सुझाव दिएका थिए ।



कार्यक्रममा ३ नम्वर वडा कार्यालयका अध्यक्ष नरप्रसाद दंगाल, कमल उद्योग वाणिज्य संघ, केर्खा बजार व्यवस्थापन समिति, कमल नगर जेसीज, डीपीएल कमल लगायत स्थानीय संघ सस्थाका प्रतिनिधी तथा सुरक्षाकर्मी लगायतको सहभागिता रहेको थियो ।

# १६५ जनाले गरे रक्तदान



**बिर्तामोड, फागुन ८।** बिर्तामोड-४ मा रहेको विराट-अर्जुन उपभोक्ता सहकारी संस्थाको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

झापामा भइरहेको रगतको अभाव टार्न संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत रगतको अभावमा समस्यामा परेका विरामीहरुको जीवन रक्षा गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा एक सय ६५ जनाले रक्तदान गरेको संस्थाका अध्यक्ष नवीन खरेलले जानकारी दिए।

नेपाल रेडक्रस सोसाइटी बिर्तामोड उपशाखाको प्राविधिक सहयोग तथा आदर्श ब्याक्वेट बिर्तामोड र शुरुवाती कोठा नेपालको सहयोगमा भएको कार्यक्रममा दिनेश भट्टराईले रक्तदान गरी कार्यक्रमको शुभारम्भ गरेका थिए। कार्यक्रममा नेपालमा अहिलेसम्मकै सबैभन्दा वढी रक्तदान गर्ने रक्तदाता प्रेमसागर कर्माचार्यले १६५औं पटक रक्तदान गरेका थिए भने संस्थाका अध्यक्ष खरेलले ३० पटक रक्तदान गरेका थिए।

कार्यक्रममा एकै परिवार संस्थाका अध्यक्ष खरेल, स्व.नरमाया खरेल शिक्षाकोषकी संयोजक उषा खरेल, छोरा आर्यन खरेल, दम्पत्ति पंकज खरेल र कमला चुडाल खरेल, दृष्टीविहीन चन्द्रसाद भट्टराईले १६औं पटक, दिपक संग्रौलाले ५६औं पटक, नेत्र रम्तेलले ४९औं पटक र गोपाल घिमिरेले ३८औं पटक रक्तदान गरेको बताइएको छ।

संस्थाका अध्यक्ष नवीन खरेलको अध्यक्षता तथा झापा जिल्ला सहकारी संघका अध्यक्ष गणेश ढकालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपाध्यक्ष यादव ओलीले स्वागत गरेका थिए। कार्यक्रममा नेपालमा अहिलेसम्मकै सबैभन्दा वढी १६५औं पटक रक्तदान गरेको भन्दै रक्तदाता प्रेमसागर कर्माचार्यलाई सम्मान गरिएको थियो भने अन्य रक्तदाताहरुलाई प्रमाण पत्र प्रदान गरिएको थियो।

कार्यक्रममा नेपाल स्वयम्सेवी रक्तदाता समाजका केन्द्रीय अध्यक्ष कर्माचार्य, नेपाल रेडक्रस सोसाइटी बिर्तामोड उपशाखाका सभापति सजेश शिवाकोटी, उपसचिव ओमप्रकाश लुइँटेल, रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका चाटर्ड प्रेसिडेन्ट सन्तोष अग्रवाल लगायतले झापामा भइरहेको रगतको अभाव टार्न विराट-अर्जुन उपभोक्ता सहकारी संस्थाले रक्तदान कार्यक्रम आयोजना गरेर महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए।

बिर्तामोडको मुक्तिचोकस्थित दुर्गा मन्दिर परिसरमा भएका रक्तदान कार्यक्रमबाटै झापाका विभिन्न हस्पिटलमा रहेका विरामीका आफन्तले रगत लिएर गएको नेपाल रेडक्रस सोसाइटी बिर्तामोड उपशाखाका उपसचिव लुइँटेलले जानकारी दिए। कार्यक्रमको सञ्चालन संस्थाका सचिव डिल्लीराम प्रसाईंले गरेका थिए।

# आधारभूत स्वास्थ्य सेवाकेन्द्र स्थापना

☐ युद्धबहादुर बोहोरा

**इलाम, फागुन ८।** फाकफोकथुम गाउँपालिका वडा नम्बर १ मा ठिङ्गेपुर स्वास्थ्य सेवाकेन्द्रको नयाँ भवन उद्घाटन भएको छ। वडाध्यक्ष टेकवीर नेम्वाङको अध्यक्षतामा गाउँपालिका अध्यक्ष रामकुमार श्रेष्ठको प्रमुख आतिथ्य तथा उपाध्यक्ष सरस्वती राईको विशेष आतिथ्यमा उद्घाटन भएको हो।

कार्यक्रममा भवन निर्माणका लागि पाँच रोपनी निःशुल्क जग्गा उपलब्ध गराउने गीता लिम्बू र हरिप्रसाद नेम्वाङलाई सम्मान गरिएको छ। भवन निर्माण ठेकेदार जिआरडी कम्पनी तथा प्रतिनिधिद्वय टीका सम्बाहाम्फे लिम्बू र टीका बोहोरा साथै निमार्ण स्थल तयारीको काममा सहयोग गर्ने स्काभेटर चालक टीकाराम रिजाललाई समेत प्रमुख तथा विशेष अतिथिबाट सम्मान गरिएको जननिर्वाचित सदस्य बालकृष्ण भट्टराईले जानकारी दिए।

संघीय सरकारबाट गत आर्थिक वर्षमा उपलब्ध २७ लाख रुपैयाँ लागतमा निर्माण शुरु गरिएको एक तलाको तीन कोठे उक्त भवन २०७७ साल माघ महिनामा निर्माण सम्पन्न गरी कम्पनीले हस्तान्तरण गरेको कार्यालयले जनाएको छ। अनमी र अहेव गरी दुई जना स्वास्थकर्मी रहेको यस स्वास्थ्य सेवाकेन्द्रबाट सामान्य स्वास्थ जाँच, परामर्श तथा औषधि वितरण सेवा उपलब्ध हुँदै आएको छ भने निकट भविष्यमा ल्याव सेवा पनि सञ्चालन गरिने कार्यालयले जानकारी दिएको छ।

पालिकामा १० शय्याको अस्पताल निमार्ण गर्ने शिलान्यास भएसँगै हरेक वडामा उचित आधारभूत स्वास्थ सेवासुविधा जनतामा पुऱ्याउने साथै स्वास्थ सेवाकेन्द्रहरुलाई स्तरोन्नति गर्दै सबैको पहुँच पुग्ने व्यवस्थामा पालिका प्रतिबद्ध रहेको गाउँपालिकाका अध्यक्ष श्रेष्ठले बताए।

यसैबीच, स्थानीय सामाजिक व्यक्तित्व टीका निरौलाले ठिङ्गेपुर स्वास्थ्य इकाईको लागि आफ्ना स्वर्गीय बुबा-आमाको नाममा ५० हजार रुपैयाँको 'देवराज मन्दोदरा स्मृति' अक्षयकोष स्थापन गरेका छन्। कार्यक्रममा पालिकाका स्वास्थ्य शाखा प्रमुख याम बस्नेत, वडा नम्बर ४ का अध्यक्ष हरि दङ्गाली, शिक्षक रुपनारायण अधिकारी लगायतले मन्तव्य राखेका थिए। स्वास्थ्य सेवाकेन्द्रका इञ्चार्ज अहेव छवि निरौलाले स्वागत गरेको कार्यक्रमको सञ्चालन वडा सदस्य भट्टराईले गरेका थिए।

# चिया उत्पादक संघमा पुनः गुरुङ

☐ गणेश अर्याल

**इलाम, फागुन ८।** चिया उत्पादक जिल्ला सहकारी संघ इलामको अध्यक्षमा पुनः प्रेमराज गुरुङ चयन भएका छन्।

संस्थाको चौथो साधारणसभाले गुरुङको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो। नवगठित समितिको उपाध्यक्षमा थिरबहादुर राउत, सचिवमा मदन बराल चयन भएका छन्। त्यसैगरी सदस्यहरुमा अमृता राई, डिल्ली खतिवडा, माधब पौडेल र मुना पौडेल निरौला चयन भएका छन्।

त्यसैगरी अगमसिंह मगरको संयोजकत्वमा सबिन बस्नेत र इन्द्रकला निरौला सदस्य रहेको लेखा समिति समेत चयन भएको निवर्तमान सचिव बेदनिधि



पोखरेलले बताए। पदम तामाङ, दावा तामाङ र बेदनिधि पोखेलको निर्वाचन समितिले पदाधिकारीहरु चयन गरेको हो।

प्रेमराज गुरुङको सभापतित्वमा भएको कार्यक्रमको सञ्चालन सचिव बेदनिधि पोखेलले गरेका थिए। साधारण सभाले बिनियम संशोधनसहित बिभिन्न निर्णय गरेको छ। इलाममा ४२ वटा चिया उत्पादक सहकारी सस्थाहरु सञ्चालनमा रहेका छन्।


## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला



हिन्दी चलचित्र
**Chakra-ka-rakshak**

पहिलो शो ११:४५ । दोस्रो शो २:४५ । तेस्रो शो ६:३०

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ। (फोन नं. ०२३-५४६४३६)

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## पसल बिक्रीमा

बिर्तामोडस्थित मेन चोकमा रहेको अति चालू अवस्थाको कस्मेटीक तथा फेन्सी पसल बिक्रीमा छ।
**मो.९८२३६०३५७८**

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई



बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## कर्मचारी आवश्यकता

२० बर्षमाथि ५० बर्षसम्म उमेर भएका महिला/पुरुष सिभिल (भूपू प्रहरी) आर्मीलाई विशेष ग्राह्यता) सेक्युरिटी गार्डको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला।
महिलाः १० जना पुरुषः २० जना
तलबः आपसी समझदारीमा
कार्यक्षेत्रः झापा जिल्लाभर

**पर्फेक्ट सेक्युरिटी सेन्टर**
सिटी सेन्टर पूर्व, देवी क्याम्पस चोक
मो ९८४२६२५०२०, ९८०४७७१५६८

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
# मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| रोजिना तावा जवेगु | दुवागढी-५ | ७६७ | ०-०-६ | गनु लाल |
| रोजिना तावा जवेगु | दुवागढी-५ | ७६८ | ०-०-१४ | गनु लाल |
| नरबहादुर श्रेष्ठ | दमक-१ | १७२३ | १-२-० | शंखर/कमान बा. धिमाल |
| घनश्याम पोखरेल | चन्द्रगढी-५ | १४१५ | ०-३-० | रगै सतार |
| घनश्याम पोखरेल | चन्द्रगढी-५ | ६२२ | ०-२-० | श्याम सतार |
| घनश्याम पोखरेल | चन्द्रगढी-५ | १४१३ | ०-३-० | विसु सतार |
| सरिक लाल राजवंशी | माहाभारा-६ | ४९८ | ४-१-२ | भेलुवा राजवंशी |
| सिमा कार्की समेत | गौरीगञ्ज- ५ | १८४४ | १३५.४४ | रस्तीलाल हलुवाई/रतिलाल दनुवार |
| सिमा कार्की समेत | गौरीगञ्ज- ५ | १८४५ | २३१.९२ | रस्तीलाल हलुवाई/रतिलाल दनुवार |
| सिमा कार्की समेत | गौरीगञ्ज- ५ | १८४० | १३५.४४ | रस्तीलाल हलुवाई/रतिलाल दनुवार |
| सिमा कार्की समेत | गौरीगञ्ज- ५ | १८४२ | १६९.३० | रस्ती लाल हलुवाई/रति लाल दनुवार |
| सिमा कार्की समेत | गौरीगञ्ज-५ | १८४१ | १६९.३० | रस्ती लाल हलुवाई/रति लाल दनुवार |
| अधिका राजवंशी समेत | माहाभारा-३ | ११४ | ०-१८-१८ | सतन नुनिया/सतना महत्तो |
| अधिका राजवंशी समेत | माहाभारा-३ | १६९ | ०-३-४ | सतन नुनिया/सतना महत्तो |
| तिलकुमारी अधिकारी | मे.न.पा.-१३ | ६२ | ३७५५.०० | सुकर चन गुरुङ |
| निरादेवी आचार्य समेत | शिवगञ्ज-७ | ६१८७ | ०-१७-० | भानु भक्त चापागाई |

## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
# मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| अमिर हम्जा अन्सारी | कुमरखोद-४ | ११५ | ४३२६.६२ | इसाख मिया/घुटु मिया/हदि मिया |
| दिनेशकुमार मण्डल | शरणामति-१ | १२९० | ०-२-० | ठाकुर मडि सतार/सिरिलाल राजवंशी |
| शेखरप्रसाद निरौला | तोपगाछी-५ | १५१० | ०-१५-० | कलुवा सोरेन सतार |
| सुभद्रा भट्टराई | बालुबाडी-५ | ५२६ | २७१५.०० | मैया सतार |
| रोहितबहादुर कार्की | चकचकी-६ | १२०२ | ०-१-५ | कुन्जी राजवंशी/इमान बादुर |
| रोहितबहादुर कार्की | चकचकी-६ | १२०० | ०-०-१३ | चन्द्र बहादुर/बुदाई मुर्मु सतार |
| रोहितबहादुर कार्की | चकचकी-५ | १५० | ०-५-१५ | कसु/कुत्रम/काजी राजवंशी |

## प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
**कृषि विकास निर्देशनालय**
# कृषि ज्ञान केन्द्र
भद्रपुर, झापा प्रदेश नं. १ नेपाल

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत नयाँ ब्लक विकास कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव आह्वानको सूचना

*दोस्रो पटक प्रकाशित मितिः २०७७/११/०९*

कृषि ज्ञान केन्द्र झापाको चालु आ.व. २०७७/०७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, नयाँ ब्लक विकास कार्यक्रम सञ्चालनका लागि प्रथम पटक प्रकाशित सूचना अनुसार पर्याप्त/निवेदन नआएकोले तपसिलका पालिकाहरुबाट निम्न बालीमा 'प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुयल २०७७' बमोजिम कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषक समूह/कृषि सहकारी/कृषि फर्म/जल/वन उपभोक्ता समितिहरुले आवश्यक कागजातसहित यो सूचना प्रकाशित भएको मितिले कार्यालय समयमा १० दिनभित्र (मिति २०७७/११/१८ भित्र) यस कार्यालयमा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीका लागि कृषि ज्ञान केन्द्र झापाको फोन नं. ०२३-४५५०५६ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

**तपसिल**

| क्र.सं. | ब्लकको कार्यक्षेत्र (गाउँपालिका/नगरपालिका) | बाली | कार्यान्वयन हुने वडा नं. | कैफियत |
|---|---|---|---|---|
| १ | कनकाईनगरपालिका | च्याउ | ४, ५, ६ र ७ | |
| २ | मेचीनगर नगरपालिका | धान | ७, ८, ९, १३, १४ र १५ | |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. रु.१० को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचा बमोजिमको आवेदन र प्रस्तावना।
२. सम्बन्धित निकायमा कृषक समूह/कृषि सहकारी/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
३. समूह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।
४. गत आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।
५. कृषि फर्म/उद्यमी/सहकारी संस्थाको हकमा गत आ.व. २०७६/०७७ को लेखा परीक्षणको प्रमाणित प्रतिलिपी।
६. सम्भव भएमा स्थानीय तहको कृषि विकास शाखा/सम्बन्धित वडा कार्यालयको सिफारिस।
७. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन)को स्वामित्व खुल्ने जग्गा धनीपुर्जा र जग्गाधनीको नागरिकता वा भाडाको जग्गामा खेती भएमा कम्तीमा ५ वर्ष र स्थायी संरचनाको लागि कम्तीमा १० वर्षको सम्झौतानामा।
८. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
९. कार्य समितिको बैठकको निर्णय प्रतिलिपि। साथै कार्यक्रम कार्यान्वयन गर्न अख्तियारीको निर्णय।
१०. आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र।

# निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

भैरुप सिं राईको नाती, कर्ण सिं राईको छोरा १ नं. प्रदेश पाँचथर जिल्ला मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ०४ बस्ने भाइ सोर राईले यस इलाम शाखामा खाता नं. २१११५२४०३००५०१ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०७६.०३.१७ मा निज खातावाला भाइ सोर राईको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको छोरा नाता पर्ने भीमप्रसाद राईले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक भाइ सोर राईको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**इलाम शाखा, इलाम**
**फोन नम्बर :- ०२७-५२१७२४**
**फ्याक्स :- ०२७-५२१७३१**


तीन पाउ भूमि दिंदा बली राजा अमर भए
ठूलो पुण्य गर्नुभयो पितृहरु स्वर्ग गए

## भूमि दान, महाअभियान

अर्जुनधारा जलेश्वरधाम आज धार्मिक धरोहर मात्र नभई नेपाल सरकारको पर्यटन बोर्डमा समेत सूचीकृत भइसकेकोले धार्मिक एवम् पर्यटकीय क्षेत्रको बृहत् गुरुयोजनालाई अगाडि बढाउँदै विविध संरचना निर्माण गर्ने क्रममा भूमि पर्याप्त नभएकाले आवश्यक भूमि लिने क्रममा छौं। उक्त महान कार्यको लागि भूमिदानको व्यवस्था गरिएको छ। श्रद्धेय भक्तजनमा सबैलाई सहज हुने गरी न्यून्तम् एक भक्तजनले १ वर्ग फिट भूमिदान गरी यो महान अभियानको सदस्य बनौं।

गुरु योजना



| वर्गफिट | रकम |
|---|---|
| १ वर्ग फिट | ३५० |
| ३ वर्ग फिट | १,०५० |
| ६ वर्ग फिट | २,१०० |
| ९ वर्ग फिट | ३,१५० |
| १५ वर्ग फिट | ५,२५० |
| २१ वर्ग फिट | ७,३५० |
| ३१ वर्ग फिट | १०,८५० |
| ५१ वर्ग फिट | १७,८५० |
| १०१ वर्ग फिट | ३५,३५० |
| १५१ वर्ग फिट | ५२,८५० |
| ५०१ वर्ग फिट | १,७५,३५० |
| १००१ वर्ग फिट | ३,५०,३५० |
| १५०० वर्ग फिट | ५,२५,००० |

सहयोगको सुविधाका लागि
**श्री अर्जुनधारा जलेश्वरधाम**
अर्जुनधारा नगरपालिका-७, झापा

सम्पर्क नं.: ०२३-४६५२५५ (कार्यालय)
९८४२७०६०८३ (गुरु), ९८४२७३१९०५ (का. सचिव

एक्सेल डेभलपमेन्ट बैंक लि. — खाता : श्री अर्जुनधारा जलेश्वर धाम, खाता नं 00700200038334000002
राष्ट्रिय वाणिज्य बैंक लि. — खाता : श्री अर्जुनधारा जलेश्वर धाम, खाता नं 262000447810(S4478)

अन्तर्राष्ट्रिय सहयोगदाताहरुको लागिः SWIFT CODE: RBBANKPKA




**ज्यो. मधुसूदन रिजाल**
**(स्वर्णपदक विजेता)**
**वैदिक ज्योतिष परामर्श केन्द्र**
**शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल हातलागी हुन समय लाग्नेछ। तापनि मिहिनेतले लक्ष्यमा पुऱ्याउनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ। मध्याह्नपछि आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
शुभचिन्तकहरू समेत टाढिएलान्। मेहनतको प्रतिफल जोगाउन अलि चनाखो रहनुपर्नेछ। अवसरको खोजीमा केही दौडधुप समेत गर्नुपर्ला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
चिताएको काम छिटै सम्पादन हुनेछ। सहयोगीहरूले हिम्मत दिलाउनेछन्। किर्तिमानी काम गर्ने समय छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। दिउँसोदेखि विशेष धनलाभ हुन सक्छ। आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
दाम र प्रतिष्ठा कमाउने बे[redacted] बढ्नेछ। भूमि, वाहन र पैत्रि[redacted]।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
अस्वस्थताले काममा समय दिन नसकिएला। अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन्।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
समुदायको हितमा राम्रै काम गर्न सकिनेछ। दिउँसोदेखि स्थितिमा सुधार आउनेछ भने दिगो फाइदा हुने जिम्मेवारी प्राप्त हुनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
परिश्रमले धेरैको मन जित्न सकिनेछ। तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। मान सम्मान मिल्ला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
स्वास्थ्य कमजोर रहनेछ भने चिताएको नतिजा प्राप्त नहुनाले आर्थिक क्रियाकलापमा बाधा पुग्न सक्छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
गोपनीयता बाहिरिनाले लक्ष्यमा पुग्न अप्ठ्यारो पर्नेछ। तापनि मध्याह्नदेखि केही काम बन्नेछन्। पछि फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
तत्काल उपलब्धि प्राप्त नभए पनि सम्भावना खोजी गर्ने समय छ। रोकिएको काममा दोहोऱ्याएर प्रयत्न गर्नुहोला।